# भाषाशिक्षणका सापेक्षतामा त्रुटि विश्लेषण : सैद्धान्तिक अवधारणा, प्रक्रिया र प्रयोग

डा. केशव भुसाल
*उपप्राध्यापक, नेपाली शिक्षा विभाग, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि. वि. कीर्तिपुर

***लेखसार***

प्रस्तुत लेख प्रायोगिक भाषाविज्ञानका विभिन्न शाखाहरूमध्येको एउटा महत्त्वपूर्ण शाखा त्रुटि विश्लेषणसँग सम्बन्धित रहेको छ। यस लेखमा त्रुटि विश्लेषणको सैद्धान्तिक परिचय र प्रयोगबारे चर्चा गरिएको छ। वस्तुतः त्रुटि विश्लेषणको सैद्धान्तिक परिचय दिनु, भाषाशिक्षणमा त्रुटि विश्लेषणको आवश्यकता दर्साउनु र त्रुटि विश्लेषणका पद्धति र प्रक्रियाको व्याख्या गर्नु, प्रयोगात्मक पक्षको व्याख्या विवेचन गर्नु यस लेखका मुख्य उद्देश्यका रूपमा रहेका छन्। प्रस्तुत लेख तयारीका क्रममा गुणात्मक अध्ययन विधिको अवलम्बन गरिएको छ। यस क्रममा पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको छ। यस लेखका लागि आवश्यक तथ्यहरू नेपाली, हिन्दी तथा अङ्ग्रेजी सैद्धान्तिक सामग्रीहरूको अध्ययनबाट प्राप्त गरिएको छ। त्यसरी प्राप्त तथ्यको प्रस्तुतिका लागि व्याख्यात्मक एवम् विश्लेषणात्मक विधिको उपयोग गरिएको छ। यस अध्ययनका आधारमा व्यतिरेकी विश्लेषण भाषा सिकाइका क्रममा देखापर्ने त्रुटिहरूको पहिचान, वर्णन तथा विश्लेषणसँग सम्बन्धित रहेको, भाषाशिक्षणमा त्रुटिलाई सिकाइको स्वाभाविक प्रक्रियाका रूपमा लिइने, भाषाशिक्षणमा त्रुटि विश्लेषणको महत्त्व सन् १९७० को दशकपछि स्थापित भएको, भाषाशिक्षणमा त्रुटिको पहिचान गर्न, त्रुटिगत अनुमान परीक्षण गर्न, सिकारुलाई सिकाइप्रति प्रेरित गर्न, भाषाशिक्षणलाई प्रभावकारी बनाउन त्रुटि विश्लेषणको आवश्यकता पर्नेलगायतका निष्कर्ष निकालिएको छ। प्रस्तुत लेख त्रुटि विश्लेषणका बारेमा जानकारी लिन चाहने शिक्षक, विद्यार्थी, जिज्ञासु एवम् सम्बन्धित सबैका लागि उपयोगी हुने अपेक्षा गरिएको छ।

मुख्य शब्दावली : *त्रुटि विश्लेषण, त्रुटि विश्लेषणको शैक्षणिक उपयोगिता, त्रुटि भेद, त्रुटि विश्लेषणका पद्धति, त्रुटि विश्लेषणको अभ्यास*

**अध्ययनको पृष्ठभूमि**

त्रुटिको शाब्दिक अर्थ भूल वा गल्ती हो। भाषा सिकाइ एक किसिमको बानी निर्माण भएकाले यस क्रममा पनि प्रशस्तै भूल, गल्ती वा त्रुटि हुन सक्छन्। त्रुटिविना भाषाको सिकाइ वा आर्जन सम्भव हुँदैन त्यसैले त्रुटिलाई भाषा सिकाइका क्रममा देखापर्ने स्वाभाविक प्रक्रिया वा सिकाइक्रमगत प्रवृत्तिका रूपमा लिइन्छ, लिइनुपर्दछ। मातृभाषा सिकाइका क्रममा होस् वा विमातृभाषा सिकाइका क्रममा सिकारुले गल्ती गरेकै हुन्छ। भाषा सिकाइका क्रममा सिकारुले त्यस्ता गल्तीलाई क्रमशः परिष्कार तथा परिमार्जन गर्दै लग्दछ र अन्ततः मानक वा स्तरीय भाषाको प्रयोगमा आफूलाई समर्थ तुल्याउँदछ। सुरुसुरुमा सिकारुले गर्ने त्रुटिलाई असफलता वा बौद्धिक कमजोरीका रूपमा लिइन्थ्यो तर सम्प्रति यसलाई विकासशील प्रक्रियाका रूपमा लिने गरिएको छ। पौड्याल (२०५८) का अनुसार संरचनात्मक भाषाविज्ञान र व्यवहारवादी मनोविज्ञानले व्यतिरेकी विश्लेषणको सिद्धान्त र पद्धतिलाई गति दिएको छ भने रूपान्तरण भाषाविज्ञान र बुद्धिवादी मनोविज्ञानले त्रुटि विश्लेषणको सिद्धान्त र प्रणाली जन्म दिएको छ। मूलतः संरचनावादी र मनोवादी सम्प्रदायका भाषावैज्ञानिकहरूको धारणा यसैसँग सम्बन्धित देखिन्छ। संरचनावादीहरूका अनुसार त्रुटि भनेको अभ्यासको कमी, असफलताको द्योतक, नकारात्मक प्रवृत्ति तथा सिकारुको कमजोरी हो भने मनोवादीहरूका अनुसार यो सिकाइको सकारात्मक एवम् स्वाभाविक प्रक्रिया हो। त्रुटिका सन्दर्भमा देखापरेका यी दुई धारणामध्ये पछिल्लो धारणा 'जसले त्रुटिलाई सिकाइ प्रक्रियागत चरणका रूपमा व्याख्या गरेको छ' लाई बढी उपयुक्त मानिन्छ। भाषा सिकाइका क्रममा

देखापर्ने त्रुटिले भाषा सिकाइ प्रभावित हुने हुँदा त्रुटि विश्लेषणमा सिकारुले के कस्ता त्रुटि गर्दछन् र ती केकति कारणले हुन्छन् भनी अध्ययन विश्लेषण गरिन्छ। यस्तो कार्यबाट शिक्षार्थीहरूलाई लक्षित भाषाको अपेक्षित तहसम्म पुऱ्याउन सहयोग पुग्दछ। यस वस्तुतालाई मनन गरी प्रस्तुत लेखमा त्रुटि, त्रुटि विश्लेषण, त्रुटि विश्लेषण पद्धति र प्रक्रिया, भाषा शिक्षणमा यसको आवश्यकता र अभ्यासबारे चर्चा–परिचर्चा गरिएको छ।

**अध्ययन विधि र प्रक्रिया**

प्रस्तुत लेख गुणात्मक अनुसन्धानमा आधारित रहेको छ। यसका लागि आवश्यक सामग्रीहरूको सङ्कलन पुस्तकालयीय विधिका माध्यमबाट गरिएको छ। यस क्रममा त्रुटि विश्लेषणका बारेमा चर्चा गरिएका नेपाली, हिन्दी तथा अङ्ग्रेजी सैद्धान्तिक सामग्रीहरूको अध्ययन गरिएको छ र आवश्यक कुराहरूको ग्रहण गरिएको छ। प्रस्तुत लेखमा मूलतः द्वितीयक स्रोतका सामग्रीहरूको उपयोग गरिएको छ। साथै विज्ञहरूका राय एवम् सुझावहरूलाई प्राथमिक स्रोतका रूपमा उपयोग गरिएको छ। यसमा प्राप्त तथ्यहरूलाई व्याख्यात्मक तथा विश्लेषणात्मक रूपमा प्रस्तुत गरिएको छ।

**त्रुटि विश्लेषणको परिचय र परिभाषा**

भाषा सिकाइका क्रममा देखापर्ने त्रुटिहरूको पहिचान तथा वर्णन विश्लेषण गर्ने प्रायोगिक भाषाविज्ञानको शाखालाई त्रुटि विश्लेषण भनिन्छ। त्रुटि विश्लेषण दोस्रो वा अन्य भाषाशिक्षणका सन्दर्भमा व्यतिरेकी विश्लेषणपछि विकसित सिद्धान्त हो। अधिकारी (२०६५) का अनुसार त्रुटि विश्लेषण मूलतः दोस्रो वा अन्य भाषा शिक्षणका सन्दर्भमा विकसित दृष्टिकोण तथा पद्धति हो। पहिलो, दोस्रो वा अन्य भाषाको अध्ययनका सन्दर्भमा यसको उपयोग गर्न सकिने भए पनि यो मूलतः दोस्रो भाषा सिकाइका क्रममा हुने त्रुटिहरूको अध्ययन विश्लेषणमा अधिकाधिक केन्द्रित रहेको देखिन्छ। त्रुटि विश्लेषणले भाषा सिकाइको प्रकृति र प्रवृत्तिलाई सूचित गर्दछ। लम्साल र अन्य (मि.न.) का अनुसार भाषा सिकाइको क्रममा देखापर्ने त्रुटिहरूको वर्णन विश्लेषण गर्ने प्रक्रिया नै त्रुति विश्लेषण हो। यो मूलतः दोस्रो भाषा सिकाइका क्रममा देखापर्ने सार्वभौम समस्याहरू पत्ता लगाई सिकाइलाई सहज र सबल बनाउने उद्देश्यले गरिन्छ। यसबाट समभाषिक वा विषमभाषिक त्रुटिहरू मातृभाषाका विशेषताहरूको स्थानान्तरणका कारण देखापरेका हुन् वा अन्य कारणले देखापरेका हुन् पहिचान गर्न सकिन्छ। साथै सिकारुले गर्ने त्रुटि उच्चारणगत, रूपरचनागत, शब्द प्रयोगगत, वाक्य निर्माणगत कुन प्रकृतिका हुन् स्पष्ट रूपमा खुट्याइन्छ र तिनको निराकरणका लागि आधार उपलब्ध गराइन्छ। यस्तो आधार शिक्षार्थी, शिक्षक तथा सम्बन्धित सबैलाई प्राप्त हुने भएकाले शैक्षणिक प्रयोजनका दृष्टिले त्रुटि विश्लेषणलाई निकै महत्त्वपूर्ण पद्धति मानिएको छ। अधिकारी (२०६५) का अनुसार भाषाशिक्षणका प्रसङ्गमा त्रुटि विश्लेषण भर्खरै चर्चित हुन थालेको विषय हो। भाषाशिक्षणमा त्रुटि विश्लेषणको महत्त्व सन् १९७० को दशकपछि स्थापित भएको पाइन्छ तदपि यसको विकास चम्स्केली रूपान्तरणवादी भाषाविज्ञान तथा मनोवादी मनोवैज्ञानिकहरूको शैक्षणिक दृष्टिकोणको अभ्युदयपछि सन् १९६० को दशकको उत्तरार्द्धतिर भएको हो। यसको विकासमा एस.पिट कर्डर, सिङ्क्लेयर, आइ. ए. रिचर्डस लगायतका भाषावैज्ञानिकहरूको महत्त्वपूर्ण योगदान रहेको देखिन्छ। सिकारुको भाषा सङ्क्रमणको स्थितिबारे लेखिएको कर्डरको लेख (१९६७), दोस्रो भाषा सिकाइमा सिकारुको मातृभाषावत् मानसिक संरचनाका कारण त्रुटि हुन्छ भन्ने निचोडसहितको सिङ्क्लेयरको अनुसन्धान (सन् १९७२), भाषावैज्ञानिक आधारमा रिचर्डसले गरेको त्रुटिको वर्गीकरण (सन् १९७४) लगायतलाई यस क्षेत्रमा पुऱ्याइएका विशिष्ट योगदानका आधारका रूपमा लिइन्छ।

**त्रुटि विश्लेषणसँग सम्बन्धित केही परिभाषाहरू निम्नानुसार छन् :**

“भाषासिकाइका क्रममा सिक्ने व्यक्तिहरूले गरेका त्रुटिहरूको अध्ययनबाट उसको त्यस क्षेत्रमा कत्तिको ज्ञान छ भन्ने कुरा अनुमान गर्न सकिन्छ। यसबाट उसले अझ कुन कुन कुरा सिक्न बाँकी छ भन्ने कुरा पत्ता लगाउन सकिन्छ। उसले गरेका त्रुटिहरूको भाषावैज्ञानिक शब्दमा वर्णन र वर्गीकरण गरेर एउटा त्यस्तो चित्र बनाउन सकिन्छ जसले भाषा सिकाइमा

समस्या उत्पन्न गर्ने भाषिक विशेषताहरू बताउँछ।" – एस.पिट. कर्डर

"भाषाशिक्षण र सिकाइमा त्रुटि विश्लेषण एउटा प्रविधि हो जसको माध्यमद्वारा विदेशी भाषा सिकिरहेको व्यक्तिले गर्ने त्रुटि वा भूलहरूको पहिचान, वर्गीकरण तथा व्यवस्थित व्याख्या गरिन्छ। सिकारुले सामर्थ्यको कुन तहसम्म प्राप्त गर्न सकेको छ सो कुरा उसले गरेका त्रुटिहरूबाट व्यवस्थित ढङ्गले झल्किन्छ।" – डेभिड क्रिस्टल

"त्रुटिविश्लेषण दोस्रो वा विदेशी भाषा सिक्ने शिक्षार्थीहरूले गर्ने त्रुटिहरूको अध्ययन विश्लेषण हो।" – लङम्यान डिक्सनरी अफ अप्लाइड लिङ्ग्विस्टिक्स

"व्यवस्थित रूपमा त्रुटिहरूको वर्णन र व्याख्या गर्ने प्रक्रियालाई त्रुटि विश्लेषण भनिन्छ।" – द इन्साइक्लोपेडिया अफ ल्याङ्ग्वेज एन्ड लिङ्ग्विस्टिक्स

उपर्युक्त परिभाषाका आधारमा पनि त्रुटि विश्लेषणलाई दोस्रो वा अन्य भाषा सिकाइका क्रममा सिकारुले गर्ने त्रुटिहरूको पहिचान, व्याख्या तथा विश्लेषण गर्ने सिद्धान्तका रूपमा अर्थ्याउन सकिन्छ।

**भाषाशिक्षणमा त्रुटिको स्थान र त्रुटि विश्लेषणको उपयोगिता**

त्रुटि विश्लेषण प्रायोगिक भाषाविज्ञानको एउटा शाखा हो। ढकाल (२०६७) का अनुसार यो अध्ययनका आधारमा सीमित क्षेत्रमा पर्ने विषय हो। भाषाशिक्षणमा त्रुटिलाई सिकाइको चरणगत अवस्था मानिन्छ। भाषासिकाइ प्रयत्न र भूलको माध्यमबाट हुने भएकाले सिकाइमा देखिने त्रुटिलाई यसैसँग सम्बन्धित तुल्याएर हेर्ने गरिन्छ। लामिछाने (२०६६) का अनुसार पहिलो भाषा सिक्दा जति सहज वातावरणको प्रयोग भएको हुन्छ, दोस्रो भाषा सिकाइमा त्यस्तो सहजता प्राप्त हुन सक्दैन। भाषा सिकाइका क्रममा विद्यार्थीहरूले विभिन्न प्ररूपका गल्तीहरू गर्दछन् जसमध्ये केही सामान्य प्रकृतिका हुन्छन् भने केही विशिष्ट प्रकृतिका। केही मातृभाषाबाट प्रभावित स्वरूपका हुन्छन् त केही अन्य प्रभावक (वातावरण, उत्प्रेरणा, लापरवाही, शिक्षण विधि आदि) बाट प्रभावित प्रकृतिका। यस्ता त्रुटि स्तरीय मातृभाषा सिकाइका क्रममा समेत देखापर्दछन्। भाषाको प्राप्ति वा आर्जन त्रुटिरहित नहुने भएकाले त्रुटिलाई भाषाशिक्षणमा सकारात्मक सिकाइ प्रक्रियाका रूपमा लिइन्छ।

त्रुटि भाषाशिक्षणका क्रममा देखापर्ने सार्वभौम अभिलक्षण हो। सिकारुको मातृभाषासँग मिल्दो वा समाभाषिक प्रकृतिको भाषा सिकाइमा सिकारुले कम त्रुटि गर्ने र अन्यको सिकाइमा अधिक त्रुटि गर्ने स्थिति रहन्छ। सिकारुले गर्ने त्रुटिहरू भाषाको उच्चारण, वर्णविन्यास, शब्दरचना, प्रयोग, वाक्यगठन, सङ्गति, अर्थसम्बन्ध आदिसँग सम्बन्धित हुन्छन्। कुनै पनि सिकारुले त्यस्ता त्रुटिहरूलाई सच्याउँदै जाने र मानक भाषाको प्रयोग–व्यवहार गर्ने अवस्था क्रमशः विकसित हुन्छ। यसका लागि बारम्बारको अभ्यास, त्रुटिबोध, सुधार तथा प्रभावकारी शिक्षणको आवश्यकता पर्दछ।

त्रुटि विश्लेषण शिक्षार्थीपरक पद्धति भएकाले यसबाट सिकारुले गर्ने त्रुटिको पहिचान, व्याख्या–विश्लेषण तथा निराकरणका उपायको खोजी गरिन्छ, परिणामस्वरूप सिकारुले अपेक्षित सिकाइ हासिल गर्दछन्। यस दृष्टिले भाषाशिक्षणका क्षेत्रमा त्रुटिको स्थान महत्त्वपूर्ण सिकाइ मार्गका रूपमा देखा पर्दछ।

त्रुटि विश्लेषण दोस्रो भाषा सिकाइका सन्दर्भमा देखापरेका समस्याहरूको समाधानार्थ विकसित सिद्धान्त भएकाले यो विशेषतः भाषाशिक्षणकै लागि उपयोगी रहेको छ। लामिछाने (२०६६) का अनुसार भाषा सिकाइका कठिनाइहरूको पहिचान गर्न, मनोभाषा विज्ञानका सिद्धान्तहरूको परीक्षण गर्न, मातृभाषासँग नमिल्ने दोस्रो भाषाका विशेषताहरूको पहिचान गर्न त्रुटि विश्लेषणको आवश्यकता पर्दछ। समग्रतः त्रुति विश्लेषणका उपयोगिताहरूलाई निम्नानुसार चर्चा गरिएको छ :

**(क) भाषा सिकाइका क्रममा देखापर्ने त्रुटिको पहिचान व्याख्या र निराकरण गर्न**

भाषा सिकाइका सिलसिलामा विद्यार्थीहरूले विभिन्न किसिमका त्रुटिहरू (उच्चारणगत, वर्णविन्यासगत शब्दप्रयोगगत, वाक्यगठनगत, व्याकरणात्मक आदि) गर्दछन्। त्यस्ता त्रुटिहरू भाषाका कुन पक्षसँग सम्बन्धित छन् भनी पहिचान गर्ने र तिनको व्याख्या विश्लेषण गरी निराकरणार्थ आधार प्रदान गर्ने काम त्रुटि विश्लेषणले गर्ने हुँदा त्रुटिको पहिचान, व्याख्या र निराकरणका लागि यो उपयोगी देखिन्छ।

**(ख) व्यतिरेकी विश्लेषणको पूर्वानुमानलाई परीक्षण गर्न**

त्रुटि विश्लेषणमा स्रोत भाषाका संरचनात्मक विशेषतासँग मिल्ने भाषाको सिकाइ सरल र अन्यको सिकाइ असहज एवम् कठिन हुन्छ भनी व्यतिरेकी विश्लेषणले प्रस्तुत गरेको पूर्वानुमानको परीक्षण गरिन्छ। यस अन्तर्गत सिकारुले दोस्रो भाषा सिकाइमा गर्ने त्रुटिको स्वरूप, स्रोत एवम् कारणको खोजी गरी स्रोत भाषाको प्रभावले गर्दा त्रुटि भएको भेटिए व्यतिरेकी विश्लेषणको पूर्वानुमान सही भएको अन्यथा नभएको प्रमाणित गर्ने काम हुन्छ।

**(ग) भाषाशिक्षणलाई प्रभावकारी बनाउन**

भाषाशिक्षणलाई प्रभावकारी बनाउनमा त्रुटि विश्लेषणको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। शिक्षक आफ्नो विषयवस्तुमा दक्ष भएर मात्र शिक्षण कार्यकलाप प्रभावकारी बन्न सक्दैन। यसका लागि विधा अनुसारको शिक्षण विधि र सामग्री चयनमा विविधता ल्याउनुपर्ने हुन्छ। कुनकुन विधाका लागि के कस्ता सामग्री वा विधि प्रयोग गर्दा सिकाइ शिक्षण त्रुटिरहित हुन्छ भन्ने बारेमा जानकारी प्राप्त गर्न त्रुटि विश्लेषण उपयोगी हुन्छ।

**(घ) शिक्षक-शिक्षार्थीलाई शैक्षिक गतिविधिमा सघाउन**

त्रुटि विश्लेषणबाट शिक्षकले दोस्रो भाषा सिकाइका क्रममा विद्यार्थीले गर्ने त्रुटिको प्रवृत्ति, स्वरूप वा कारणबारे जानकारी प्राप्त गर्न सक्छन् भने विद्यार्थीले आफूले गरेको त्रुटिको पहिचान गर्न सक्छन्। यसबाट शिक्षकले सम्भावित त्रुटि क्षेत्रमा जोड दिएर सिकाउने र विद्यार्थीले सचेततापूर्वक त्रुटिरहित भाषिक सीपको विकास गर्ने अवसर प्राप्त हुन्छ।

**(ङ) सिकारुलाई सिकाइप्रति प्रेरित गर्न**

सिकारुले आफ्नो मातृभाषासँग मिल्ने भाषाको सिकाइ छिटो र नमिल्ने भाषाको सिकाइ केही ढिलो गर्दछन्। हुन त सिकारुले पहिलो भाषाको आर्जन खाली मस्तिष्कद्वारा स्वतन्त्र वातावरणमा रहरपूर्वक गर्दछन् भने दोस्रो भाषाको आर्जन अनुभव प्राप्त मस्तिष्कद्वारा नियन्त्रित वातावरणमा बाध्यता वा आवश्यकताजन्य कारणले गर्दछन्। त्यसैले दोस्रो भाषाको सिकाइप्रति उनीहरूको रुचि पहिलो भाषामा जस्तो नहुन सक्छ। यस्तो अवस्थामा सिकारुलाई दोस्रो भाषाको सिकाइ कठिन लाग्ने कारण पत्ता लगाउन र सोही अनुरूप प्रभावकारी शिक्षण गरी सिकाइमा उनीहरूलाई प्रेरित गर्न त्रुटि विश्लेषणले सहयोग पुऱ्याउँदछ।

**(च) भाषा पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माणमा सहायता प्रदान गर्न**

भाषा पाठ्यक्रम तथा पाठ्यसामग्री सिकारुको तह वा स्तर अनुकूलका भएको खण्डमा सिकाइ शिक्षक उपलब्धिमूलक हुन पुग्दछ। दोस्रो भाषाको सिकाइमा विद्यार्थीहरूले गर्ने सार्वभौम प्रकृतिका त्रुटिहरूलाई विशेष ध्यान दिई तत्क्षेत्रमा उनीहरूलाई अभ्यस्त तुल्याउने किसिमका पाठ्य सामग्री उपलब्ध गराउँदा त्यसबाट अपेक्षित सिकाइ प्रगति प्राप्त हुन्छ, साथै भाषा सिकाइ रुचिकर पनि बन्दछ। यसका लागि त्रुटि विश्लेषणले आधार उपलब्ध गराउँदछ।

यस अतिरिक्त सिकारुको भाषिक ज्ञान र क्षमताको लेखाजोखा गर्न, शैक्षणिक योजना तयार पार्न तथा शिक्षकलाई शिक्षण प्रक्रिया सुधारका लागि आवश्यक पृष्ठपोषण दिन पनि त्रुटि विश्लेषण विशेषोपयोगी रहेको देखिन्छ।

**त्रुटि र यसका प्रकार**

शिक्षार्थीले मातृभाषा वा दोस्रो भाषा सिकाइका क्रममा गर्ने त्रुटिहरूलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ। अधिकारी (२०६५) का अनुसार त्रुटिको प्रकृतिलाई केही मुख्य आधार : विकासशीलता, भाषाकोटि, स्रोत, गम्भीरता, व्यापकता, स्वरूप र अनौचित्यका आधारमा छुट्याउन सकिन्छ। समग्रमा त्रुटि वर्गीकरणका आधार र ती अन्तर्गतका प्रकारहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**(क) विकासशीलताका आधारमा त्रुटि**

सिकारुको लक्ष्य भाषा सिकाइको अवस्थालाई विकासशील अवस्था भनिन्छ। एस. पिट. कर्डरका अनुसार यस आधारमा त्रुटिलाई निम्न तीन प्रकारमा वर्गीकरण गर्न  सकिन्छ :

**अव्यवस्थित त्रुटि** : भाषा सिकाइको प्रारम्भिक अवस्थामा देखापर्ने त्रुटिलाई अव्यवस्थित त्रुटि भनिन्छ। यस अवस्थामा सिकारुले भाषाको प्रयोग गर्दा कतै शुद्ध र कतै अशुद्ध रूपको प्रयोग गर्दछ। कुनै सिकारुले एक पटक 'शरीर' शब्दको र अर्को पटक 'सरीर' शब्दको प्रयोग गर्नुलाई यसको उदाहरण मान्न सकिन्छ। यस्तो त्रुटिलाई अनियमित त्रुटि पनि भनिन्छ।

**व्यवस्थित त्रुटि** : भाषा प्रयोगमा विद्यार्थी सचेत हुँदाहुँदै पनि सुधार्न नसक्ने त्रुटिलाई व्यवस्थित त्रुटि भनिन्छ। एउटै व्यक्तिले धेरै ठाउँमा एकै किसिमको त्रुटि (जस्तैः पानि/पानि/पानि) गर्नुलाई यस अन्तर्गत लिइन्छ। गलत सामान्यीकरण, भाषिक ज्ञानको अभाव वा भ्रामक व्यत्पत्तिका कारण यस्तो त्रुटि देखापर्दछ। यस्तो त्रुटिलाई नियमित त्रुटि पनि भनिन्छ।

**उत्तरव्यवस्थित त्रुटि** : भाषिक नियमहरूको ज्ञान वा जानकारी भएर पनि भाषिक प्रयोगकर्ताको असावधानीका कारण हुने त्रुटिलाई उत्तरव्यवस्थित त्रुटि भनिन्छ। यस्ता त्रुटि अत्यन्त कम र सीमित हुन्छन्। 'वाल्मीकि' लेख्नुपर्नेमा कहिलेकाहीँ 'बाल्मिकी' लेख्नु, 'जीवन्त' लेख्नुपर्नेमा 'जिवन्त' लेख्नुलाई यसको उदाहरण मान्न सकिन्छ।

**(ख) स्रोतका आधारमा त्रुटि**

विद्यार्थीले गर्ने भाषिक त्रुटिको स्रोतका आधारमा त्रुटिलाई निम्न दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ :

**भाषान्तरिक त्रुटि** : सिकिरहेको भाषाको आन्तरिक व्यवस्थासँग सम्बन्धित त्रुटिलाई भाषान्तरिक त्रुटि भनिन्छ। यस्तो त्रुटि लक्ष्य भाषा सिकाइका सिलसिलामा हुने गर्दछ। नेपाली भाषालाई लक्ष्य भाषाका रूपमा सिकिरहेको शिक्षार्थीले गर्ने 'म सफल हुएँ', 'भाइ रुयो' जस्ता त्रुटिलाई यस किसिमका त्रुटि मानिन्छ।

**अन्तर्भाषिक त्रुटि** : मातृभाषा वा स्रोत भाषाको प्रभावबाट लक्ष्य भाषाको सिकाइ वा प्रयोगमा देखापर्ने त्रुटिलाई अन्तर्भाषिक त्रुटि भनिन्छ। यस्तो त्रुटि लक्ष्य भाषाको भाषिक व्यवस्था विपरीतको हुन्छ। नेपाली मातृभाषीले अङ्ग्रेजी भाषाको प्रयोग गर्दा 'गाडी इज फसिङ' भन्नु, नेवार मातृभाषीले नेपाली भाषाको प्रयोग गर्दा 'तिमी कहिले आयो' भन्नुलाई यसको उदाहरण मान्न सकिन्छ।

**(ग) गम्भीरताका आधारमा त्रुटि**

भाषिक सम्प्रेषणमा गम्भीर वा कम गम्भीर बाधा उत्पन्न गर्ने आधारमा त्रुटिलाई निम्न दुई भागमा वर्गीकरण गर्न

सकिन्छ :

**अर्थबाधक त्रुटि** : सम्प्रेषण वा आशयमा बाधा पर्ने अर्थात् भन्न खोजिएको कुरा भन्दा भिन्न अर्थ सम्प्रेषण भई अर्थको अनर्थ हुने प्रकृतिका त्रुटिलाई अर्थबाधक त्रुटि भनिन्छ। नेवारभाषी वक्ताले हिन्दी भाषा सिकाइका क्रममा 'मे आटा हुँ टो टु रोटी हे, टु रोटी हे टो मे आटा हुँ (मे आता हुँ तो तुँ रोती हे, तु रोती हे तो मे आता हुँ) को प्रयोग गर्नुलाई अर्थबाधक त्रुटिको उदाहरण मान्न सकिन्छ।

**अर्थअबाधक त्रुटि** : त्रुटि भए पनि सम्प्रेषण, आशय वा अर्थबोधमा खासै बाधा नपर्ने प्रकृतिका त्रुटिलाई अर्थअबाधक त्रुटि भनिन्छ। यस्ता त्रुटि भाषाको मानक रूपबाट विचलित हुन्छन् तर अर्थघातक भने हुँदैनन्। उच्चारणगत तथा वर्णविन्यासगत त्रुटिलाई यस अन्तर्गत लिन सकिन्छ। जस्तै : धनि (धनी), सहीद (सहिद), टिमी कटा जाने ? (तिमी कता जाने?) के गऱ्यो हो ? (के गर्ने हो?) आदि

**(घ) स्वरूपका आधारमा त्रुटि**

भाषाको बाह्य स्वरूप, आकृति वा बनोटका आधारमा त्रुटिलाई निम्न तीन प्रकारमा वर्गीकरण गर्न सकिन्छ :

**लोपगत त्रुटि** : भाषिक प्रयोगकर्ताको मौखिक वा लिखित अभिव्यक्तिमा आवश्यक कुन अंश लोप हुनुलाई लोपगत त्रुटि भनिन्छ। यस्ता त्रुटि अर्थबाधक भने हुँदैनन्। जस्तैः सायता (सहायता), मामन्त्री (महामन्त्री), बालवाला (बहालवाला), बुटोल (बुटवल), केटाटी (केटाकेटी) आदि।

**थपोटगत त्रुटि** : भाषिक प्रयोगकर्ताको मौखिक वा लिखित अभिव्यक्तिमा अनावश्यक केही अंश थपिएर आउनुलाई थपोटगत त्रुटि भनिन्छ। यस्ता त्रुटि आर्थी दृष्टिले अर्थअघातक प्रकृतिका हुन्छन्। जस्तैः इस्कुल (स्कुल), समुन्द्र (समुद्र), आएर ल्यायो (आयो) आदि।

**आदेशगत त्रुटि** : भाषिक प्रयोगकर्ताको मौखिक वा लिखित अभिव्यक्तिमा आउनुपर्ने कुनै एकाइका स्थानमा अर्को एकाइको आगम वा आदेश हुनुलाई आदेशगत त्रुटि भनिन्छ। यस्ता त्रुटि पनि आर्थी दृष्टिले अर्थअघातक प्रकृतिका हुन्छन्। जस्तैः सूर्जे (सूर्य), बुडो (बुढो), डाँरो (डाँडो), किताप (किताब) आदि।

**(ङ) मात्राका आधारमा त्रुटि**

सिकारुले भाषिक प्रयोगमा गर्ने त्रुटिको मात्रा वा परिमाणका आधारमा त्रुटिलाई निम्न दुई भागमा वर्गीकरण गर्न सकिन्छ :

**आंशिक त्रुटि** : वाक्यको कुनै खास अंशमा देखिने त्रुटिलाई आंशिक त्रुटि भनिन्छ। यस्तो त्रुटि वाक्यको कुनै एक शब्द वा पदमा देखापर्ने भएकाले यसलाई शब्दगत त्रुटि पनि भनिन्छ। यो खास अंशसँग मात्र सम्बन्धित हुने हुँदा अर्थअबाधक प्रकृतिको हुन्छ। जस्तैः हामी घर गयो, केटाहरू आयो, तिमी जान्छ आदि।

**समग्रात्मक त्रुटि** : वाक्यको अधिकांश वा समग्र अंश तथा एकाधिक वाक्यसँग सम्बन्धित भएर आउने त्रुटिलाई समग्रात्मक त्रुटि भनिन्छ। यस्तो त्रटि एकभन्दा बढी पद, पदावली, उपवाक्य, वाक्य आदिमा देखिन सक्छ। जस्तैः त्यो केटाहरू आयो, मेरो किताबहरू हरायो, तिम्रो छोराहरू घरमा हुनुहुन्छ, मेरो छोराहरू हुनुहुन्न आदि।

**(च) भाषाकोटिका आधारमा त्रुटि**

भाषा सिकाइका क्रममा देखापर्ने त्रुटिहरूलाई भाषाकोटिका आधारमा उच्चारणगत, वर्णविन्यासगत, रूपगत, शब्दभण्डारगत, पदावलीगत, वाक्यगत, अर्थगत र सङ्कथनात्मक प्रकारमा वर्गीकरण गर्न सकिन्छ। अल्पप्राण वर्गलाई महाप्राण, घोषलाई अघोष, हलन्तलाई अजन्तका रूपमा उच्चारण गर्ने त्रुटिलाई उच्चारणगत, य र ए, श,

ष र स, चन्द्रविन्दु र शिरविन्दु, ह्रस्व र दीर्घ आदिको प्रयोगमा देखापर्ने त्रुटिलाई वर्णविन्यासगत, शब्दको उपयुक्त रूपायन र व्युत्पादन गर्न नजान्दा हुने त्रुटिलाई रूपगत, शब्दको उपयुक्त प्रयोग नजान्दा हुने त्रुटिलाई शब्दभण्डारगत, शीर्ष र विशेषक अंशका बीचको उपयुक्त सङ्गति मिलाउन नसक्दा हुने त्रुटिलाई पदावलीगत, पदक्रम तथा उद्देश्य-विधेय, विशेषण-विशेष्य आदिको सङ्गति नमिलाई प्रयोग गर्दा हुने त्रुटिलाई वाक्यगत, शब्द र अर्थ वा अभिव्यक्ति र आशयका बीच तालमेल नमिल्दा देखापर्ने त्रुटिलाई अर्थगत, सम्बद्धक र सम्बद्धनको सही अन्वय नहुँदा देखिने त्रुटिलाई सङ्कथनात्मक त्रुटि भनिन्छ।

**(छ) औचित्य-अनौचित्यका आधारमा त्रुटि**

व्याकरणिक दृष्टिले सही वा ठीक भए पनि सन्दर्भ र प्रयोग अनुरूपताका दृष्टिले अस्वीकृत, अनपेक्षित वा अनुपयुक्त प्रकृतिका त्रुटिहरूलाई यस अन्तर्गत लिइन्छ। यस्ता त्रुटिलाई वस्तुतः अनौचित्यपूर्ण त्रुटिका रूपमा व्याख्या गर्न सकिन्छ। मूलतः शैलीविशेषसँग सम्बद्ध त्रुटिहरू यस अन्तर्गत पर्दछन्। कसैको मृत्युमा शोकाकुल परिवार वा आफन्तजनद्वारा आयोजना गरिएको श्रद्धाञ्जली सभामा 'यस्ता श्रद्धाञ्जली सभाहरू गरिरहनुपर्दछ' भन्नुलाई अनौचित्यपूर्ण त्रुटिको उदाहरण मान्न सकिन्छ।

**त्रुटि विश्लेषणको पद्धति र प्रक्रिया**

त्रुटि विश्लेषणको कार्य उपर्युक्त प्रक्रियाद्वारा सम्पन्न हुने भए पनि यो मूलतः निम्न दुई प्रकारका पद्धतिमा आधारित रहेको हुन्छ :

**(क) पूर्वनिर्धारित कोटि पद्धति**

त्रुटि विश्लेषणको यस पद्धतिमा विद्यार्थीहरूले गर्न सक्ने सम्भाव्य भाषागत एवम् व्याकरणगत त्रुटिहरूको पूर्वानुमान गरी तिनको सम्भावित प्रकृतिलाई देखाउन प्रारम्भमै आवश्यक स्तम्भ, तालिका वा खाका तयार पारिन्छ। तयार पारिएका स्तम्भ, तालिका वा खाका भाषाको उच्चारण, वर्णविन्यास, रूप, पद, पदावली, वाक्य, अर्थ, सङ्कथन, शैली, लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष भाव, वाच्य, कारक, सङ्गति, उक्ति, अर्थ आदि बहुविध पक्षसँग सम्बन्धित हुन्छन्। तत्पश्चात विद्यार्थीका मौखिक र लिखित अभिव्यक्तिबाट सामग्री सङ्कलन गर्ने, त्रुटिको पहिचान गर्ने, तिनलाई पूर्वनिर्धारित खाकामा वर्गीकरण गर्ने अनि व्याख्या-वर्णन गरी आवश्यकता अनुसार त्रुटि निराकरणका लागि उपायहरू सुझाउने काम गरिन्छ। लामिछाने (२०६६) का अनुसार यस पद्धतिमा विद्यार्थीमा पाइने त्रुटिका आधारमा शिक्षण सिकाइ प्रक्रियाको मूल्याङ्कन गरिन्छ। पूर्वनिश्चित त्रुटि प्रकृतिका आधारमा सिकारुका त्रुटिको अध्ययन गरिने भएकाले यस पद्धतिलाई निगमनात्मक पद्धति पनि भनिन्छ।

**(ख) पश्चनिर्धारित कोटि पद्धति**

त्रुटि विश्लेषणको यस पद्धतिमा पूर्वनिर्धारित कोटि पद्धतिको ठीक विपरीत प्रक्रिया अवलम्बन गरिन्छ। यसमा सर्वप्रथम विद्यार्थीहरूको मौखिक वा लिखित स्रोतबाट सामग्री सङ्कलन गरिन्छ। तत्पश्चात सङ्कलित सामग्रीको सूक्ष्म अध्ययन गरी त्रुटिको पहिचान गरिन्छ। पहिचान गरिएका त्रुटिहरूलाई तिनको स्वरूप वा प्रकृति अनुसार विभिन्न कोटि, उपकोटिमा वर्गीकरण गरी व्याख्या गरिन्छ र आवश्यकता अनुसार त्रुटि निराकरणका लागि उपयुक्त सुझाव प्रस्तुत गरिन्छ। सिकारुले भाषा सिकाइका क्रममा गर्ने त्रुटिहरूको सङ्कलन र अध्ययनपछि तिनलाई आवश्यकता बमोजिम पश्चनिर्धारित कोटि स्तम्भ, तालिका वा खाकामा प्रस्तुत गरी देखाइने भएकाले यस पद्धतिलाई आगमनात्मक पद्धति पनि भनिन्छ।

पूर्वनिर्धारित पद्धतिमा अनुमान गरिएका सबै त्रुटिहरू सिकारुमा नदेखिन सक्ने, अनुमान गरेभन्दा भिन्न त्रुटिहरू पनि देखिन सक्ने तर त्यसको अध्ययन त्यसबाट (पूर्व निर्धारित कोटि पद्धतिबाट) सम्भव नहुने भएकाले सिकाइका क्रममा

देखिने त्रुटिको वस्तुगत एवम् व्यावहारिक विश्लेषणका लागि पश्चनिर्धारित कोटि पद्धतिलाई निकै महत्त्व दिइएको पाइन्छ।

त्रुटि विश्लेषण भाषा सिकाइका क्रममा हुने त्रुटिहरूको अध्ययन विश्लेषणसँग सम्बन्धित विषय हो। यसमा निश्चित प्रक्रियाहरूको अवलम्बन गरिन्छ। त्रुटि विश्लेषणका प्रक्रियालाई त्रुटि विश्लेषणका चरण पनि भनिएको पाइन्छ। पौड्याल (२०५८) का अनुसार भाषावैज्ञानिक एस. पिट. कर्डरले त्रुटि विश्लेषणको प्रक्रियालाई पहिचान, वर्णन र व्याख्या गरी तीन भागमा विभाजन गरेका छन्। यहाँ यीसहितका प्रक्रियाहरूको चर्चा गरिएको छ :

**(क) सामग्री सङ्कलन**

यो त्रुटि विश्लेषण प्रक्रियाको पहिलो चरण हो। यस चरणमा विद्यार्थीको मौखिक र लिखित अभिव्यक्ति (स्रोत) बाट त्रुटि विश्लेषणका लागि आवश्यक सामग्रीहरूको सङ्कलन गरिन्छ। मौखिक स्रोतका सामग्री सङ्कलनका लागि अवलोकन फारम, टेप रेकर्डर आदिको प्रयोग गर्न सकिन्छ भने लिखित स्रोतका सामग्री विद्यार्थीलाई विभिन्न विषयमा लेख्न लगाई सङ्कलन गर्न सकिन्छ।

**(ख) त्रुटिको पहिचान**

यो त्रुटि विश्लेषण प्रक्रियाको दोस्रो चरण हो। यस चरणमा सङ्कलन गरिएका सामग्रीहरूको सूक्ष्म अध्ययन गरी त्रुटिको पहिचान गर्ने काम हुन्छ। यस क्रममा मौखिक वा लिखित स्रोतबाट प्राप्त सामग्रीलाई सुन्ने, पढ्ने, टिपोट गर्ने, त्रुटि छुट्याउने तथा तिनको प्रकृति पहिल्याउने काम गरिन्छ।

**(ग) त्रुटिको वर्गीकरण**

यो त्रुटि विश्लेषण प्रक्रियाको तेस्रो चरण हो। यस चरणमा पहिचान गरिएका त्रुटिहरूलाई तिनको स्वरूप वा प्रकृति अनुसार विभिन्न समूहमा वर्गीकरण गरिन्छ। यसमा निश्चित गरिएका त्रुटिहरू भाषिक वा व्याकरणिक के कस्ता हुन् ? ती विकासशील, स्रोत, गम्भीरता, मात्रा, भाषाकोटि र औचित्य–अनौचित्यका दृष्टिले कुनसँग सम्बन्धित छन् ? सोको स्पष्ट निक्यौल र वर्गीकरण गरिन्छ।

**(घ) त्रुटिको वर्णन र विश्लेषण**

यो त्रुटि विश्लेषण प्रक्रियाको चौथो (एक हिसाबले अन्तिम) चरण हो। यस चरणमा वर्गीकरण गरिएका त्रुटिहरूलाई विभिन्न किसिमले वर्णन र विश्लेषण गरिन्छ। विद्यार्थीले गर्ने त्रुटिका कारण के हुन सक्छन् ? त्रुटि किन नियमित हुन्छन् ? कुन खालका त्रुटिको सङ्ख्या धेरै र कुन खालका त्रुटिको सङ्ख्या कम छ, त्रुटि मातृभाषाबाट मात्र प्रभावित भएर देखापरेका छन् कि अन्यबाट पनि प्रभावित भएर देखापरेका छन् ? लगायतका बहुविध पक्षको सूक्ष्म समीक्षण यस अन्तर्गत हुन्छ।

**(ङ) त्रुटिको निराकरण**

यो त्रुटि विश्लेषणको महत्त्वपूर्ण चरण वा प्रक्रिया भने होइन। त्रुटि विश्लेषणको मुख्य कार्य चौथो चरणमा नै सकिएको हुन्छ अपितु त्रुटि विश्लेषणको मूल उद्देश्य शिक्षार्थीले गर्ने त्रुटिको निराकरण गर्नु हो। त्यसैले सामग्रीको सङ्कलन, त्रुटिको पहिचान, वर्गीकरण, वर्णन र व्याख्याबाट प्राप्त तथ्यहरूका आधारमा तिनको निराकरण गर्ने उपाय त्रुटि विश्लेषण प्रक्रियाको अन्तमा सुझावस्वरूप प्रस्तुत गर्नु उपयुक्त हुन्छ।

**त्रुटि विश्लेषणको अभ्यास**

त्रुटि विश्लेषणबाट भाषा सिकाइका क्रममा विद्यार्थीहरूले गर्ने त्रुटिको पहिचान गर्न सकिन्छ। यसबाट त्रुटिको प्रकृति,

स्वरूपका अतिरिक्त त्रुटि हुनाका कारणको समेत जानकारी पाउन सकिन्छ। यसले सिकारुलाई त्रुटि सच्याउन र शिक्षकलाई सम्भावित त्रुटि क्षेत्रमा सचेततापूर्वक शिक्षण गर्न आधार प्रदान गर्दछ। त्रुटि विश्लेषण उच्चारण, वर्णविन्यास, रूपविन्यास, पदविन्यास, वाक्यविन्यास, सङ्कथन, अर्थ, शैली लगायतका भाषिक पक्षमा केन्द्रित रही गर्न, गराउन सकिन्छ। भाषाका यी विविध पक्षहरूमध्ये कुनै एक वा दुई पक्षमा सम्बन्धित भाषाका सामग्री सङ्कलन गर्न लगाई विद्यार्थीहरूलाई त्रुटि विश्लेषणको अभ्यास गराउनु राम्रो हुन्छ। यसो गर्दा सिकारुले लक्ष्य भाषाको सिकाइमा हुने सम्भावित त्रुटिबारे जानकारी प्राप्त गर्न सक्दछन्।

यहाँ त्रुटि विश्लेषणको पश्चनिर्धारित कोटि पद्धति अनुरूप मैथिलीभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिकाइमा गर्ने उच्चारणगत (त/ट वर्गका वर्ण, हलन्त, अजन्त, रेफ र संयुक्त वर्णको उच्चारण मात्र) त्रुटिको विश्लेषण प्रस्तुत गरिएको छ :

**क) 'त' र 'ट' वर्णको उच्चारण सम्बन्धी त्रुटि**

| स्तरीय नेपाली | उच्चारित त्रुटिपूर्ण शब्द |
|---|---|
| बुढा | बुडा |
| ठिटलाग्दो | ठिटलाग्दो |
| खपत | खपट |

यस अनुसार मैथिलीभाषी विद्यार्थीले नेपाली भाषाका कतिपय शब्दमा प्रयुक्त 'ढ' वर्णलाई 'ड', 'ट' वर्णलाई 'ठ' तथा 'त' वर्णलाई 'ट' को रूपमा त्रुटिपूर्ण उच्चारण गर्दछन्।

**ख) हलन्त र अजन्तको उच्चारण सम्बन्धी त्रुटि**

| स्तरीय नेपाली शब्द | उच्चारित त्रुटिपूर्ण शब्द |
|---|---|
| अब | अब् |
| दुःख | दुख् |
| आज | आज् |

यस अनुसार मैथिलीभाषी विद्यार्थीहरूले नेपाली भाषाका कतिपय अजन्त शब्दको उच्चारण हलन्तको रूपमा गरी त्रुटि गर्दछन्।

**ग) रेफसम्बन्धी उच्चारणगत त्रुटि**

| स्तरीय नेपाली शब्द | उच्चारित त्रुटिपूर्ण शब्द |
|---|---|
| वर्ष | बरस |
| कर्म | करम |
| स्वर्ग | स्वरग |

यस अनुसार मैथिली मातृभाषी विद्यार्थीहरूले नेपालीमा रेफयुक्त शब्दको उच्चारण गर्दा डिकोमाथि लेखिने आधा 'र' जनित चिन्हलाई सिङ्गो 'र' का रूपमा त्रुटिपूर्ण उच्चारण गर्दछन्।

**घ) संयुक्त वर्णको उच्चारण सम्बन्धी त्रुटि**

| स्तरीय नेपाली शब्द | उच्चारित त्रुटिपूर्ण शब्द |
|---|---|
| बुट्टा | बुटा |
| बुद्ध | बुध |
| उच्चतम | उचतम |

यस अनुसार मैथिलीभाषी विद्यार्थीहरूले नेपाली भाषाका शब्दमा संयुक्त रूपमा आउने वर्णको एक अंशलाई लोप गरी त्रुटिपूर्ण उच्चारण गर्दछन्।

यसबाहेक मैथिलीभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषाका 'क्ष' र 'छ', 'य' र 'ए', 'ण', अनुनासिक शब्द, आदिस्थानिक 'स' वर्ण लगायतको उच्चारणमा पनि त्रुटि गर्दछन्। भाषाशिक्षणका क्रममा कुनै पनि शिक्षकले मैथिलीभाषी विद्यार्थीले गर्ने उपर्युक्त प्रकृतिका उच्चारण सम्बन्धी त्रुटिहरूलाई निराकरण गर्न तत्सम्बद्ध अभ्यास गराउनु पर्दछ जसबाट नेपाली भाषाको शुद्ध उच्चारणमा अपेक्षित सिकाइ उपलब्धि प्राप्त गर्न सघाउ पुग्छ। साथै अन्य मातृभाषी विद्यार्थीहरूलाई पनि तिनले गर्न सक्ने सम्भावित त्रुटि क्षेत्रको पहिचान गरी आवश्यकतानुसार वर्णगत, रूपगत, वाक्यगत, कोटि एवम् उपकोटिगत तहमा प्रशस्त अभ्यास गराउनु पर्दछ। यसबाट त्रुटिको निराकरणका अतिरिक्त विद्यार्थीहरूमा भाषिक दक्षताको समेत विकास गराउन सकिन्छ।

**सन्दर्भ सूची**


अधिकारी, हेमाङ्गराज (२०५६), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* काठमाडौंः रत्न पुस्तक भण्डार।

गौतम, रामप्रसाद (२०६१), प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम, काठमाडौंः दीक्षान्त पुस्तक भण्डार।

तिवारी, भोलानाथ (सन् १९८५), *आधुनिक भाषाविज्ञान* , दिल्लीः लिपि प्रकाशन।

ढकाल, शान्तिप्रसाद (२०६७), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौं शुभकामना प्रकाशन।

द्विवेदी, कपिलदेव (सन् २००६), *भाषाविज्ञान एवम् भाषाशास्त्र,* वाराणसीः विश्वविद्यालय प्रकाशन।

लम्साल, रामचन्द्र र अन्य (मि. न.) *प्रायोगिक भाषाविज्ञान,* काठमाडौंः भुँडीपुराण प्रकाशन।

लामिछाने, यादवप्रकाश (२०६६), सामान्य र प्रायोगिक भाषाविज्ञान, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार।

लियोन्स, जोन (सन् २००३), *ल्याङ्ग्वेज एन्ड लिङ्ग्विस्टिक्स एन इन्ट्रोडक्सन,* लण्डनः क्याम्ब्रिज युनिभर्सिटी प्रेस।

लेविन्सन, सी. स्टेफन (सन् २०१०), *प्रग्माटिक्स* लण्डनः क्याम्ब्रिज युनिभर्सिटी प्रेस।

शर्मा, उमानाथ र अन्य (सन् २०११), *अप्लाइड लिङ्ग्विस्टिक्स,* काठमाडौंः सनलाइट पब्लिकेसन।

श्रीवास्तव, रवीन्द्रनाथ (सन् २०००), *अनुप्रयुक्त भाषाविज्ञान : सिद्धान्त एवम् प्रयोग,* दिल्लीः राधाकृष्ण प्रकाशन।